annapurnapost.com

# अन्नपूर्ण पोस्ट

...गुन २०८१ | फाल्गुन शुक्लपक्ष नवमी, नेपाल संवत् ११४५ | SATURDAY, MARCH 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०






कभर स्टोरी

# कर्मशील महिलाका पाइला उद्यमतिर

नीति निर्माण तहमा मात्र होइन, उद्यममा पनि कर्मशील नारी बढ्दै गएका छन्। उद्यम व्यवसायको नेतृत्व हाँक्नेदेखि प्रत्यक्ष रोजगारी सिर्जना गर्नेमा पनि महिला उद्यमीको योगदान बढ्दै गएको छ। यसले मुलुकको अर्थतन्त्र, सामाजिक र आर्थिक विकास तथा रोजगारीमा प्रत्यक्ष असर पार्ने देखिन्छ। त्यसैकारण, अन्नपूर्ण पोस्ट्ले अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) का अवसरमा कर्मशील महिलाका कथा प्रस्तुत गरेको छ।

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

काठमाडौंमा बर्सेनि थपिँदै गरेका रोजगारी

| आव | महिला | पुरुष |
|---|---|---|
| २०७४/७५ | १४७८४ | ६७९२ |
| २०७५/७६ | १८६१७ | ९००९ |
| २०७६/७७ | ८८१४ | ५३९७ |
| २०७७/७८ | ९३३८ | ७३०१ |
| २०७८/७९ | ८७५७ | ६७९२ |
| २०७९/८० | ८१०१ | ५९९२ |
| २०८०/८१ | ७००७ | ५१६८ |
| २०८१/८२ फागुन १९ सम्म | ३९४३ | ३०६३ |

काठमाडौंमा बर्सेनि थपिँदै गरेका उद्यमी

| आव | महिला | पुरुष |
|---|---|---|
| २०७४/७५ | ४०५ | १४० |
| २०७५/७६ | २१६४ | ६४९ |
| २०७६/७७ | ३२९७ | १७५१ |
| २०७७/७८ | २४२७ | २५९९ |
| २०७८/७९ | २२७० | २१७५ |
| २०७९/८० | २१६३ | १६६६ |
| २०८०/८१ | १८६२ | ११९५ |
| २०८१/८२ फागुन १९ सम्म | १२१८ | ६७० |

पुरुष महिला




*ग्राफिक्स : रामकृष्ण राना*

*स्रोत : उद्योग तथा वाणिज्य कार्यालय*

आव २०८१/८२ फागुन १९ सम्मको उद्योग दर्ता विवरण

| उद्योगको प्रकृति | उद्योग दर्ता संख्या | उद्यमी संख्या | | रोजगार संख्या | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष |
| उत्पादनमूलक उद्योग | ३३२ | ३६० | २६० | १३५६ | १२९० |
| कृषि तथा वन पैदावारमा आधारित उद्योग | ५३ | ४० | ३४ | १५८ | ९६ |
| निर्माण उद्योग | १ | ५ | १ | २ | १ |
| पर्यटन उद्योग | १५२ | १५८ | २३ | ३३२ | १९० |
| सूचना, प्रसारण तथा सञ्चार | १८ | २२ | ३ | ६४ | ३३ |
| सेवामूलक उद्योग | ६५२ | ६३३ | ३४९ | २०३१ | १४५३ |
| कुल | १,२०८ | १२१८ | ६७० | ३९४३ | ३०६३ |

समाचार पृष्ठ २

# कमलरीदेखि उद्यमीसम्म

**केशरराज क्षेत्री** | *बुटवल*



आठ वर्षको बच्चाले के-के काम गर्न सक्छ? घरमा खाना पकाउन, लुगा धुन? घाँसदाउरा गर्न वा मेलापात जान? बुझ्नेले सोझै अनुमान लगाउन सक्छन्, यो उमेरको बच्चाले माथिका कुनै पनि काम गर्न सक्दैनन्। किनभने यो बेला त विद्यालय जाने र रमाउने उमेर हो। बुवाआमा र परिवारको अपार माया पाउने बेला हो। अरूको सहारामा दैनिकी गुजार्नुपर्ने कलिलो उमेर हो।

तर, शान्ता चौधरीले न स्कुल जान पाइन्। न त परिवारको अपार माया नै। बच्चाहरूले जे गर्न सक्दैनन्, त्यही काम गर्न विवश भइन्, त्यो पनि ८ वर्षको कलिलो उमेरमै। एक दिन होइन, एक वर्ष होइन १८ वर्षसम्म जमिनदारको घरमा कमलरीको कष्टपूर्ण जिन्दगी गुजारिन्। ८ वर्षको काँचो उमेरदेखि २६ वर्षको जवानी हुँदासम्म उनी १० जना जमिनदारको घरमा कमलरीको रूपमा काम गर्न बाध्य भइन्। झिसमिसे बिहानदेखि रातिसम्म श्रम गर्थिन्। जति श्रम गरे पनि श्रमको मूल्य भने थिएन। सम्झिँदा पनि आङसिरिङ हुने गरी उनको कमलरी जिन्दगी बित्यो। आफूमात्र होइन, परिवारै जमिनदारको घरमा काम गर्थे। बुवाआमा, एक दाइ र ६ जना दिदीबहिनीले वर्षौंसम्म कमलरी जीवन बिताएको उनले सुनाइन्।

पूर्वकमलरीको विगतको परिचय त छँदैछ, तर, आजभोलि शान्ताको परिचय लोभलाग्दो तरिकाले फेरिएको छ। बाल्यकालमा पढ्न पाइनन्। उनको पढ्ने दृढ इच्छालाई उमेरले छेकेन। ३६ वर्षको उमेरमा कक्षा ८ मा विद्यालय भर्ना भइन्। पाको उमेरमा विद्यालय छिरेकी उनी ४५ वर्षको उमेरमा समाजशास्त्रमा स्नातक तह तेस्रो वर्षमा पढ्दै छिन्।

उनी पूर्वसांसद्समेत हुन्। नेकपा एमालेले पहिलो संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ सांसद् बनाएपछि उनको चर्चा एकाएक चुलियो। 'कमलरीदेखि, सांसदसम्म'का शब्दहरूले धेरैका सामाजिक सञ्जाल रंगिए। अखबारका पाना भरिए। कमलरी जीवनबाटै उठाएर उनलाई नेकपा एमालेले पहिलोपटक संसद्को यात्रामा हिँडाएको थियो। शान्ता पार्टीको पोलिटब्युरो सदस्य छिन्। राजनीतिक, सामाजिक र उद्यमीको क्षेत्रमा उनको गर्विलो छवि छ। कुनै बेला चारैतिरबाट हेपिएकी उनी देशको शान बनेर उभिएकी छन्। सबैले गर्व गर्ने साहसी महिलाको रूपमा बेग्लै पहिचान बनाएकी छन्। महिला हुनु त शान्ता जस्तो भनेर उदाहरण बनेकी छन्।

» बाँकी पृष्ठ ६

